# ओमसतिया गाउँपालिका
## स्वास्थ्य संस्था दर्ता , अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका , २०७७

**<u>प्रस्तावनाः</u>** नेपाल संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र मन्त्री परिषदबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि सरकारी, निजी सामुदायिक, गैर सरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरबृद्धि, स्वास्थ्य सेवा संचालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल सहज व्यवस्थित तथा प्रभावकारी बनाई यस नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा संचालन गर्न वाञ्छनीय भएकोले, यस ओमसतिया गाउँपालिकाले स्थानीय तहको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहाय निर्देशिका बनाएको छ ।

### परिच्छेद –१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः(१) यस निर्देशिकाको नाम "ओमसतिया गाउँपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमन समिति" भन्नाले गाउँपालिकाले गठन गर्ने अनुसुचि १ बमोजिमको समिति सम्झनु पर्छ ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले दफा ३ मा उल्लेखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ

(ग) "मन्त्रालय " भन्नाले नेपाल सरकार, स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(घ) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची - २ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

## परिच्छेद–२

## स्वास्थ्य सेवा सञ्चालन

३. **स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्रदान गर्ने निकायहरु :**(१)देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायको निकायले अनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोली क्लिनिक तथा पच्चिस शैया सम्मका जनरल अस्पतालको लागि ओमसतिया गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार ।

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुको हकमा दश शैयासम्मको अस्पतालको लागि लागि ओमसतिया गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार

(ग) पच्चिस शैया देखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि ओमसतिया गाउँपालिकाको कार्यपालिकाको सिफारिस प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट ।

(ग) ओमसतिया गाउँपालिकाको कार्यपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य संरचनालाई दिनु पर्नेछ ।

४. **पूर्वाधार निर्माण मनसायपत्रको लागि निवेदन दिनु पर्ने ::**(१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य सस्थालेआवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि अनुसूची ३ बमोजिमको ढाँचामा मनसाय पत्रको लागिनिवेदन दिनु पर्नेछ ।

(ज) टेलिफोन, इन्टरनेट र Web page

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामुलक पोष्टर तथा अन्य सामाग्री

(ञ) स्वच्छ पानीको आपुर्ति

(ट) निरन्तर  वित्त आपुर्ति

(५) सेवा र विषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(६) विरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्युटर वा रजिष्टर गर्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजार उपकरणहरुको निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै प्राविधिक कर्मचारीहरुको सम्बन्धीत परिषख दर्ता भएको प्रमाणपत्रको  प्रमाणित प्रतिलिपी राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाण पत्र सवैले देख्ने ठाउमा राख्नु पर्नेछ ।

(१०) ओमसतिया गाउँपालिकाबाट तोकिएको एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन ओमसतिया गाउँपालिका कार्यालयको स्वास्थ्य शाखामा पठाउनु पर्नेछ ।

## २२. <u>रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :</u>

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रबिधिहरु समावेश गरिएको छ :-

- X –Ray
- Ultra Sonogram(USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको सेवा संचालनको लागि अनुसुची ९ बमोजिम निवेदन फारम गाउँपालिकामा पेश गर्नु पर्नेछ  र सो बाहेक थप प्रविधीको लागि माग भएमा ओमसतिया गाउँपालिकाको सिफारिस प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

- Biochemistry: Urea, Bilirubin, Uric Acid, Total Protein, Serum albumin,
- Microbiology : Sputum AFB stain (Z-N stain),
- Test by RDTs : With simple Interpretation
- Miscellenious : Urine Pregnancy Test, Stool for Reducing substances.

ओमसतिया गाउँपालिका हाल E समुहको प्रयोगशालाहरुलाई मात्र स.चालन अनुमति दिन र नविकरण गर्न सक्नेछ र सो समुहको प्रयोगशालाले देहायको पूर्वाधार पुरा गरेको हुनुपर्नेछ ।

(क) सजिलै पहुँच

(ख) पर्याप्त हावा आव जावत गर्ने स्थान

(ग) पर्याप्त मात्रामा उज्यालो भएको

(घ) नियन्त्रित वातावरण

(ज) पर्याप्त पानीको आपुर्ति व्यवस्था

(च) नियमित विजुली आपुर्ति व्यवस्था

(छ) प्रयोगशाला संचालनको क्षमता र गुणस्तरयुक्त

(झ) फोहर व्यवस्थापनको उपयुक्त सुविधा

(ञ) नमुना र रिएजेन्टकहरुले ढुवानीको लागि उपयुक्त भण्डारणको सुविधा

(ट) तथ्याङ्क भण्डारण, अभिलेखिकरण र व्यवस्थापन

(ठ) व्यक्तिगत र वातावरणको सुरक्षा

(ड) गुणस्तरीय रिएजेन्ट र केमिकलको प्रयोग

(ढ) फरक फरक क्रियाकलापहरुको लागि कार्यविभाजन

(ण) मिसावट र कन्टामिनेसनको जोखिममुक्त गर्ने व्यवस्था

(च) होमियोप्याथिक इमर्जेन्सी सेवा : स्वास्थ्य संस्था स्थापना , संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(छ) निजी स्तरका होमियप्याथिक अस्पतालका पूर्वाधार : स्वास्थ्य संस्था स्थापना , संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(ज) एक्युप्रेसर : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० बमोजिम हुनेछ ।

(झ) एक्युपन्चर सेवा अस्पतालका पूर्वाधार र मापदण्डहरु : स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनेछ ।

(ञ) प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधारहरु स्वास्थ्य संस्था स्थापना , संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका , २०७० बमोजिम हुनेछ ।

## परिच्छेद ९

## अभिलेख तथा प्रतिवेदन सम्बनधी व्यवस्था

### २.८ अभिलेख तथा प्रतिवेदन

(१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु ओमसतिया गाउपालिकाको कार्यालपालिकाबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन ओमसतिया गाउँपालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीको ढाचामा ओमसतिया गाउपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई ओमसतिया गाउँपालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(३) सुचना व्यवस्थापन गर्ने कर्मचारीलाई ओमसतिया गाउँपालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम लिनेव्यवस्था गराउनु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेको विरामीको रोगको विवरण ICD 10 अनुसार Coding गरी प्रतिवेदन गर्न पर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानुन बमोजिम तोकिएको ढाचामा ओमसतिया गाउपालिकाको पन्जिकरण शाखालाई मासिक रुपमा दिनु पर्नेछ ।

(६) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको notifiable diseases का विरामी पत्ता लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै ओमसतिया गाउपालिकाको कार्यालयमा सुचना गर्नु पर्नेछ ।

## परिच्छेद - १०

## संचालन अनुमति नविकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

२९. संचालन अनुमति विकरण नहुने : (१) यस निर्देशिकामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा संचालन अनुमतिको नविकरण गरिने छैन :

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएको गुणस्तर वा पुर्वाधार पुरा नगरी स्वास्थ्य सेवा संचालन गरेको पाईएमा ,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेखित शर्तहरु पालना नगरेको पाईएको,

(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाचामा अभिलेख नराखेमा तोकिएको ढाचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन सम्बन्धी गाउपालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैला को उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) ओमसतिया गाउपालिकाको कार्यालयले दिएको निर्देशनको उलङ्घन गरेमा ,

(च) भवन संहिता अनुरुप भवन नभएको वा पुराना भवनको हकमा तोकिएका समय भित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

## परिच्छेद ११

## विविध

३१ **सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था** : १) सर्वसाधारणलाई मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुरयाउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि ओमसतिया गाउपालिकाले एउटा सेवा शुल्क निर्धारण समिति गठन गर्नेछ। उक्त समितिको सिफारिसको आधारमा सेवा शुल्क निर्धारण हुनेछ।

(२) उदफा (१) का प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बनधी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३२. **मापदण्ड तथा अनुसुचीमा हेरफेर** : ओमसतिया गाउपालिकाले यस निर्देशिकामा उल्लेखित मापदण्ड तथा अनुसुचीहरु आवश्यता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ।

३३ **व्याख्या गर्ने अधिकार** : यस निर्देशिकामा उल्लेखित मापदण्डका कुनै प्रावधानको कार्यानवयंनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन मा बाधा आइपरेमा ओमसतिया गाउँपालिका सो मापदण्डको व्याख्या गर्नेछ।

३४. **स्वत : अमान्य हुने** : यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानुनको कुनै व्यवस्थासंग बाझिएको हद सम्म स्व : अमान्य हुनेछ।

## अनुसुची- १

## पुर्वाधार , स्थायी एवं स्तरोन्नती स्वीकृतीको प्रयोजनको लागि अनुगमन समिति सम्बन्धी व्यवस्था

(**दफा २ को खण्ड -क) संग सम्बन्धीत** )

ओमसतिया गाउपालिका स्तरीय

| | | |
|---|---|---|
| १. | मे.सु. मेडिकल अधिकृत बसन्तपुर प्रा.स्वा.के. | संयोजक |
| २. | ल्याब टेक्निसियन अधिकृत (एक) बसन्तपुर प्रा.स्वा.के. | सदस्य |
| ३. | रेडियोग्राफर/अधिकृत (एक) बसन्तपुर प्रा.स्वा.के. | सदस्य |
| ४. | पब्लिक हेल्थ नर्स अधिकृत (एक) स्वास्थ्य कार्यालय, रुपन्देही | सदस्य |
| ५. | ईन्जिनियर (सिभिल) (एक) ओमसतिया गाउपालिका | सदस्य |
| ६. | ओमसतिया गाउपालिकाबाट मनोनित विज्ञ - (एक) | सदस्य |
| ७. | स्वास्थ्य शाखा प्रमुख ओमसतिया गाउँपालिका | सदस्य सचिव |
| ८. | समितिले आवश्यक ठानेको विशेषज्ञ २ जना | सदस्य |

**नोट :** समितिले अनुगमन गरिने संस्थाले प्रवाह गर्ने सेवाको प्रकृतिको आवश्यकता अनुसार सम्बन्धीत विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

## अनुसुची - १०

## रेडियोलोजी सेवाको लागि दिने निवेदन को ढाचा

## दफा २२ को उपदफा ३ (क) को (११) संग सम्बन्धीत

Omsatiya Rural Muncipality Date................/........../.......

Daily X-ray Record Register DD/MM/YY

| Rn | R.N | Patient's Name | Age/sex | Part of examined | Date of Installation (Age) | Film Size | Bil No | Amount | Free | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| Total | | No of patient : | No of case : | Repeat X-ray : | | + | | = | | |